# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम

१ नं. प्रदेश, नेपाल

पत्र संख्याः ०७८।०७९

फोन नं.०२७-६९१४१४

च.नं. १५६२

मिति २०७९/०२/११

विषयः **जानकारी सम्बन्धमा।**

श्री वडा कार्यालय सबै (१-६)
चुलाचुली गाउँपालिका, इलाम।

प्रस्तुत विषयमा मिति २०७९/०२/११ गतेका दिन यस चुलाचुली गाउँपालिकाका अध्यक्ष श्री राजेन्द्र केरुङ्ग ज्यू को अध्यक्षतामा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत एवं गाउँपालिका भित्रका सबै सुरक्षा निकायका प्रमुखहरु र सव वन डिभिजन कार्यालयका प्रमुख समेतको उपस्थितिमा बसेको बैठकबाट तपसिल बमोजिमको निर्णय भएको हुँदा उक्त निर्णयहरुको प्रभावकारी कार्यान्वयनका लागि वडा कार्यालय मार्फत स्थानीय टोल विकास समितिहरु र वडाबासीहरुमा सुचना प्रचार प्रसार गर्नु/ गराउनु हुन बैठकको छायाँ कपी यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा जाकारीका लागि अनुरोध छ।

**तपसिल**

१. स्थानीय शान्ति सुरक्षा व्यवस्थापन गर्ने / गराउने
२. नदीजन्य सामाग्री उत्खनन् कार्य बन्द गर्ने/ गराउने
३. अवैध रुपमा हुने वन पैदावारहरुको चोरी निकासी बन्द गर्ने /गराउने

२/११

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री जिल्ला प्रशासन कार्यालय, इलाम।

आज मिति २०७३ साल जेठ ११ गते बुधवारका दिन चुलाचुली गाउँपालिका, इलामका अध्यक्ष श्री राजेन्द्र केरुङ ज्यूको अध्यक्षतामा देहायका महानुभावहरुको उपस्थितिमा विविध विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति

श्री राजेन्द्र केरुङ - गाउँपालिका अध्यक्ष
श्री चिलु लावती योङहाङ - गाउँपालिका उपाध्यक्ष
श्री सुवास श्रेष्ठ - प्रमुख प्रशासकीय अधिकृत
श्री सरोज हवल्दार कार्की - सशस्त्र प्रहरी निरीक्षक
श्री मित्र बहादुर खड्का - प्रहरी चौकी पेलतीबारी प्रमुख
श्री त्रिभुवन शाह - चुलाचुली ब. डि. व. श्री.
श्री तिर्थ राज खरेल - प्रशासन शाखा प्रमुख

प्रस्तावहरु तथा निर्णयहरु

प्रस्ताव नं १
स्थानीय शान्ति सुरक्षा व्यवस्थापन सम्बन्धमा।

निर्णय

स्थानीय रुपमा शान्ति सुरक्षा व्यवस्थापनमा स्थानीय प्रहरीको पूर्ण परिचालन सम्बन्धमा प्रहरी प्रशासनले आवश्यक कार्य गर्ने र स्थानीय स्तरमा हुने विभिन्न प्रकारका चोरी निकासी, लागू पदार्थ ओसार पसार र दुर्व्यसनी नियन्त्रण र न्यूनिकरणका लागी स्थानीय प्रहरी पूर्ण रुपमा परिचालन हुने।

उल्लेखित कार्यका लागी गाउँपालिका, वडा कार्यालय, स्थानीय प्रहरी र ~~स.व. डि.व.~~ कार्यालय पूर्ण रुपमा समन्वयात्मक रुपमा परिचालन हुने।

माथी भएका निर्णयहरुको कार्यान्वयनका लागी वडा कार्यालय मार्फत स्थानीय टोल विकास समितिहरु र वडा बासीहरुमा सूचना प्रचार प्रसारको व्यवस्था मिलाउने।

प्रस्ताव नं २

नदीजन्य सामाग्री उत्खनन् कार्य बन्द गर्ने सम्बन्धमा।

निर्णय

दुधौलीचुली गाउँपालिका क्षेत्र भित्र बग्ने नदीहरुबाट ढुङ्गा, वालुवा, गिट्टी लगायतका नदीजन्य सामाग्रीहरु नियमन गर्ने कामको लागि गाउँपालिकाले प्रदान गरेको अनुमति बाहेकको उत्खनन तथा निकासी कार्य पूर्ण रुपमा बन्द गर्ने कार्यलाई सबैको समन्वयमा गर्ने र यसको कार्यान्वयनका लागी वडा कार्यालय मार्फत टोल विकास समितिहरु र वडा बासीहरुमा सूचना प्रचार प्रसारको व्यवस्था मिलाउने निर्णय गरियो

प्रस्ताव नं ३

अवैध रुपमा हुने वन पैदावारहरुको चोरी निकासी बन्द गर्ने सम्बन्धमा।

निर्णय

सब. डिभिजन वन कार्यालय मार्फत सामुदायिक वनहरु समेतलाई परिचालन गरि सुरक्षा निकाय समेतको समन्वयमा अवैध रुपमा हुने वन पैदावारहरुको चोरी निकासी तथा वन्यजन्तु तथा पशुपन्छीको अवैध रुपमा शिकार गर्ने कार्य समन्वयात्मक हिसावले कार्य गरेर पूर्ण रुपमा नियन्त्रण गर्ने वडा कार्यालय मार्फत सूचना प्रचार प्रसारको व्यवस्था मिलाउने निर्णय गरियो।